नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

मिति: २०८० असोज २ गते ।

केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अन्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता निर्भयराज पौडेल

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता भरत कुमार लकाई
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी

# प्रेस विज्ञप्ति

मिति २०८० असोज १ मा नेपाल राजपत्रमा प्रकाशित न्याय परिषद्को सूचनाद्वारा सार्वजनिक गरिएको न्याय परिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) प्रति नेपाल बार एशोसिएशनको गम्भिर ध्यानाकर्षण भएको छ ।

उक्त संशोधनले न्याय सेवाको मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्य न्यायाधीश पछिको रोलक्रममा, न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिको हकमा निज विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएका व्यक्तिभन्दा अगाडिको रोल क्रमका आधारमा वरिष्ठता कायम गरिनेछ भनी संशोधित नियम ११ को खण्ड (ख) पछि खण्ड (ख१) र (ख२) थप गरिएको प्रावधान प्रथम दृष्टिमा नै नेपालको संविधानको धारा १४१ (३) र प्रचलित कानूनसंग प्रत्यक्ष रुपमा बाझिन गएको छ । उक्त संशोधनले न्यायाधीश नियुक्तिसम्बन्धि रोलक्रमको संशोधित व्यवस्था संविधान, कानून र न्यायका मान्य सिद्धान्त विपरित भएको नेपाल बार एशोसिएशनको ठहर छ ।

न्यायपालिकाको सुदृढीकरण गर्ने अहम जिम्मेवारी बोकेको न्याय परिषद्ले पश्चागामी ढङ्गबाट अप्रत्यासित रुपमा गरेको रोलक्रमको फेरबदलले निश्चित केही व्यक्तिहरुलाई अनुचित ढङ्गबाट फाइदा पुग्ने र सिंगो न्यायकर्मीहरुलाई अपमानित, हतोत्साही र निरास गर्ने काम भएकोले यो संशोधन नेपाल बार एशोसिएशनलाई किमार्थ स्वीकार्य छैन । यसका अतिरिक्त यो संशोधन पश्चागामी, विभेदपूर्ण, पूर्वाग्रही र स्वेच्छाचारी समेत रहेको यस एशोसिएशनको ठम्याई छ ।

नेपाल बार एशोसिएशन लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, विधिको शासन र मानव अधिकारको पक्षमा निरन्तर क्रियाशिल अग्रणी संस्था भएको हुँदा विधिको शासन विपरित हुने कुनै पनि विषयमा यस एशोसिएशनको चासो र सरोकार स्वभाविक रुपमा रहन्छ । यो संशोधन तत्काल नसच्याइ कार्यान्वयन गरिएमा यस विरुद्ध ने.बा.ए.ले आवश्यक कदम चाल्नेछ ।

तसर्थ, उक्त संशोधन अविलम्ब खारेज गर्न र सो संशोधनका आधारमा साविकका न्यायाधीशहरुको मर्यादाको रोल क्रमको प्रावधानमा कुनै कुरा फेरबदल नगर्न, नगराउन न्याय परिषद् लगायत सम्बन्धित निकायलाई ने.बा.ए. गम्भिर ध्यानाकर्षण गराउँदछ ।

अधिवक्ता अन्जिता खनाल
महासचिव

वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे
अध्यक्ष